संस्कार एफ.एम. ९५.६ मेघाहर्ज २००० वाटको साथमा

**संस्कार बहस**
प्रत्येक साताको आइतबार, सोमवार, मंगलवार , बुधवार
बिहान: ७:३० बजे
www.sanskarfm.com.np

# Sanskar Khabar
# संस्कार खबर
## National Daily राष्ट्रिय दैनिक

जि.प्रशा.का.द.नं.:६६/२०७२/०७३
जि.हु.का.द.नं.:११/२०७२/२०७३

संस्कार खबर राष्ट्रिय दैनिकमा विज्ञापन, लेख, रचना तथा प्रतिक्रियाका लागि
**सम्पर्क**
०५३-५५१८२८
०५३-५५१८७४
९८४५२१७४३८
९८४५१९४२३१
ई-मेल
sanskarkhabar@gmail.com

वर्ष ९ | अंक ३०९ | २०८१ साउन ३० गते बुधवार | Wednesday,14,August, 2024 | मुल्य रू.५/-,पृष्ठ ४

# मटिअर्वा प्रवेश द्वारको निर्माण सम्पन्न गर्न उपमहानगर पालिका प्रमुख साहको निर्देशन



सं.ख. संवाददाता
कलैया,२९,साउन

कलैया उपमहानगर पालिकका नगर प्रमुख विनोद साहले मटिअर्वा प्रवेश द्वारको निर्माण कार्य तीन महिना भित्र सम्पन्न गर्न निर्देशन दिएका छन् । कलैया उपमहानगर पालिकाको वडा नं १० मटिअर्वामा निर्माण भइरहेको प्रवेश द्वारको मंगलबार अनुगमन गरी तीन महिना भित्र सम्पन्न गर्न उनले निर्देशन दिएकाहुन् । उनले बिश्व प्रसिद्ध गढीमाई मेला लाग्ने समय भएकाले नेपाल भारतका भक्तजन आउन भन्दा आगाडी नै निर्माण कार्य सम्पन्न गर्न आवश्यक रहेको उनले बताए ।

उनले सगै रहेका प्राविधिकको सल्लाह अनुसार निर्माण कार्य गुणस्तरीय रहेको र सत्तरी प्रतिशत कार्य सम्पन्न भएको उनले बताए। उनले योजना निर्माणमा गुणस्तरीय र समयमा सम्पन्न गर्न अनुरोध गरे । उनले सजावट र शौन्दर्यकरणको काम तुरुन्त सम्पन्न गर्न निर्देशन दिए। गढीमाईको दर्शन गर्न आउने भक्तजनले कलैया उपमहानगर पालिकामा प्रवेश गरेको र नेपालमा प्रवेश गरेको आभास गराउनु पर्ने उनले बताए । उनले भक्तजनका सुविधाकालागि सुविधा सम्पन्न शौचालय निर्माण गर्न निर्देशन दिए । उनले कलैया उपमहानगर पालिकाका नागरिक, छोटी भन्सार का सेवाग्राही र गढीमाईका भक्तजनका हितका लागि बनाएको शौचालय समयमा निर्माण गरी प्रयोगमा ल्याउन निर्देशन दिएका छन् ।

अनुगमन टोलीमा रहेका कलैया उपमहानगरपालिकाका प्रमुखप्रशासकीय अधिकृत नाथु साहले प्राविधिकको निगरानीमा प्रवेश द्वारको कार्य समयमा सम्पन्न हुने र नगर प्रमुखको सल्लाह अनुसार शौचालय निर्माण कार्य तुरुन्तै शुरु हुने बताए ।

वडा नं १० का वडा अध्यक्ष महम्मद साविरले प्रवेश द्वार र शौचालयको काममा निरन्तर अनुगमन गरी नगर प्रमुखको निर्देशनको पालना गराउने बताए। अनुगमन टोलीमा वडा नं ४ का वडा अध्यक्ष रामेश्वर यादव, वडा नं १० का पूर्व वडा अध्यक्ष चन्देश्वर साह, प्राविधिक, स्थानीय नागरिक र संचार कर्मीको उपस्थिति रहेको थियो ।

# ट्रकमा च्यापिएर चालकको मृत्यु

राष्ट्रिय समाचार समिति (रासस)
सप्तरी, २९ साउनः
सप्तरीको शम्भुनाथ नगरपालिका-५ स्थित पूर्व-पश्चिम राजमार्गमा आज बिहान भएको दुर्घटनामा ट्रक चालकको घटनास्थलमा नै मृत्यु भएको छ ।पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१ ख ८१८१ नंको क्लिङ्कर लोड भएको १२ चक्के ट्रक दुर्घटना हुँदा सोही ट्रकका चालक मोरङकोउर्लाबारी

. . . . बाँकी पेज नं. ३ मा

# करैयामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा, मधेश प्रदेश, नेपाल

### करार सेवामा कर्मचारी माँग सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१/०४/३०)

यस करैयामाई गाउँपालिकाको लागि देहायका पद र संख्यामा यस कार्यालयको मिति २०८१/०४/२४ र २०८१/०४/२५गतेको निर्णय अनुसार गाउँपालिका अन्तर्गत कामकाज गर्ने गरी करार सेवामा तपसिलका कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | तह | माँग संख्या | उमेर हद | न्यूनतम शैक्षिक योग्यता | लाग्ने दस्तुर (रु.मा) | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | स्टाफ नर्स | सहायक पाँचौ | १ | १८-४५ वर्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा PCL Nursing कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र | रु.७००/- | लिखित तथा अन्तर्वार्ता परिक्षा |
| ०२/०८१/०८२ | अ.हे.ब. | सहायक चौथो | ४ | १८-४५ वर्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सि.एम.ए. कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र | रु.५००/- | |
| ०३/०८१/०८२ | अ.न.मी. | सहायक चौथो | २ | १८-४५ वर्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अ.न.मी. कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र | रु.५००/- | |
| ०४/०८१/०८२ | ल्याब असिस्टेन्ट, स्वास्थ्य | सहायक चौथो | १ | १८-४५ वर्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ल्याब असिस्टेन्ट कोर्ष उतीर्ण गरी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र | रु.५००/- | |
| ०५/०८१/०८२ | अमिन | सहायक चौथो | २ | १८-३५ वर्ष | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा Basic Surveying Engineering विषयमा १८ महिने कोर्ष उतीर्ण गरेको | रु.५००/- | |
| ०६/०८१/०८२ | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथों | १० | १८-३५ वर्ष | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सि./एस.इ.इ. वा सो सरह उतीर्ण गरि कम्तिमा ६ महिनाको कम्प्यूटर सम्बन्धि तालिम लिएको प्रमाणपत्र | रु.५००/- | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता |
| ०७/०८१/०८२ | नगर प्रहरी हवलदार | तेश्रो | १ | १८-३५ वर्ष | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सि./एस.इ.इ. वा सो सरह उतीर्ण गरेको प्रमाणपत्र | रु.५००/- | स्वास्थ्य परिक्षण, शारीरिक परिक्षण, लिखित तथा अन्तर्वार्ता परिक्षा |
| ०८/०८१/०८२ | नगर प्रहरी जवान | श्रेणीविहिन | ५ | १८-३५ वर्ष | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उतीर्ण गरेको प्रमाणपत्र | रु.४००/- | |
| ०९/०८१/०८२ | भारी सवारी चालक | श्रेणीविहिन | १ | १८-४५ वर्ष | साधारण लेखपढ गर्न जान्ने, हेभि सवारी(ग्रेडर/रोलर/व्याहोलोडर/टिपर) सवारी साधन चलाउने चालक अनुमतिपत्र | रु.४००/- | प्रयोगात्मक तथा अन्तर्वार्ता |
| १०/०८१/०८२ | हलुका सवारी चालक | श्रेणीविहिन | २ | १८-४५ वर्ष | साधारण लेखपढ गर्न जान्ने, चारचक्का सवारी साधन चलाउने चालक अनुमतिपत्र | रु.४००/- | |
| ११/०८१/०८२ | कार्यालय सहयोगी | श्रेणीविहिन | ४ | १८-३५ वर्ष | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ उतीर्ण गरेको प्रमाणपत्र | रु.४००/- | मौखिक अन्तर्वार्ता |
| १२/०८१/०८२ | हेल्पर (भारी सवारी) | श्रेणीविहिन | १ | १८-३५ वर्ष | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ उतीर्ण गरेको प्रमाणपत्र | रु.४००/- | |
| १३/०८१/०८२ | सफाईकर्मी | श्रेणीविहिन | २ | १८-३५ वर्ष | साधारण लेखपढ गर्न सक्ने | रु.४००/- | |

**१.दरखास्त दिने स्थानः-** करैयामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, करैया, बारा।
**२. दरखास्त दिने अन्तिम मितिः-** सूचना प्रकाशन भएको १५औ दिन सम्म कार्यालय समय भित्र। अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट।
**३. पेश गर्नु पर्ने कागजातहरुः-**
- नेपाली नागरिकताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र ,सम्बन्धीत विषयमा अनुभव भए सोको प्रतिलिपि , २ प्रति पासपोर्ट साईजको फोटो।

**४.सेवा सुविधाः-**स्थानीय तहले तोके बमोजिम हुनेछ।
५. अन्य प्रचलित कानुन द्धारा अयोग्य नभएको।
६. दस्तुर रकम कार्यालयको राजश्व शाखामा बुझाइ सक्कल भौचर पेश गर्नु पर्नेछ।
७. सूचनामा उल्लेखित बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजक्तवमा रहेको करारमा कर्मचारी सिफारिस गर्न उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।
८. आवेदनको ढाँचा लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारीको लागि यस कार्यालयको वेबसाईट https://karaiyamaimun.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानकारीको लागि सम्पर्क नं.९८५५०४८९८०, ९८४५३१३७६६

नि.प्रमुख प्रशासकीय अधिकृत